**मिति २०७७ बैशाख २१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय Crisis Management Center को बैठकबाट भएका निर्णयहरु**

१. हाल सम्मका कोभिड-१९ को रोकथाम र नियन्त्रण सम्बन्धि कार्यको समिक्षा गरियो ।

२. जिल्ला अस्पताल रामेछापको Isolation Bed को क्षमता विस्तार गर्न आवश्यक देखिएकोले Bed क्षमता विस्तार गर्न जिल्ला अस्पताल रामेछापले आवश्यक बजेटको लागत अनुमान तयार गरी बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा लेखि पठाउने।

३. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देहाय बमोजिमको स्वास्थ्य सामाग्री बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गरी पठाउने ।

- PPE ५० सेट
- Thermal Gun ३० वटा
- VTM १०० सेट

४. नगरपालिका र गाउँ पालिकाका क्वारेन्टाइन वेड अनुगमन गर्दा मापदण्ड अनुकुल आवश्यक सामाग्री नभएको पाइएकोले, सबै पालिकाले सामाग्रीहरु (ओढ्ने, ओछ्याउने, झुल सहितको खाट, Personal Hygiene Kits, फोहोर फाल्ने डस्टविन) खरिद गरी सामाग्री सहितको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

५. मिति २०७७/०१/१७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको निर्णय बमोजिम सबै पालिकाले १/१ एम्बुलेन्सलाई COVID-19 Friendly बनाउने निर्णय भएको छ । COVID-19 Friendly एम्बुलेन्सहरुलाई जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र मातहत राखिएकोले जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र चलाउने व्यवस्था गर्न सबै पालिकालाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी